शहीदनगर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

यदुकूहा, धनुषा

☎ ०४१-४१००२०,
☎ ०४१-४१००१९
Email:-shahidnagar60@gmail.com

पत्र संख्याः-२०७७/०७८
चलानी नं ४४५६

मितिः-२०७८/०३/८

विषयः–फरफारक तथा भुक्तानी सम्वन्धमा।

श्री सरोकारवाला सवै

प्रस्तुत विषयमा यस कार्यालय संग सम्झौता गरी संचालन भएका विभिन्न योजना तथा कार्यक्रमहरु फर फारक तथा अन्तिम भुक्तानीको लागी २०७८ असाढ २० गते सम्म आवश्यक कागजात यस कार्यालयमा पेश गर्नुहुन अनुरोध छ।

आर्थिक कार्यविधी तथा विलिय उत्तरदाईत्व नियमावली २०७७ को नियम ३० वमोजिम आर्थिक वर्ष समाप्त हुनुभन्दा कम्तीमा ७ दिन अगावै सवै भुत्तानी दिई निकासा र खर्च अध्यावधिक गरी भुत्तानी र निकासा वन्द गर्नु पर्ने भएकोले असाढ २३ गते भित्र खर्च हुन नसकेको रकम फिर्ता भौचर सहित कोष तथा लेखा नियन्त्रण कार्यालयमा पेश गर्नु पर्ने र भुत्तानी गरीएको कर कटी रकम कर कार्यालयमा दाखिला गर्नुपर्ने तथा आ.व.२०७७/०७८ को आय व्यय हिसाव मिलान गरी नेपाल सरकार प्राकृतिक श्रोत तथा वित्त आयोग र प्रदेश सरकार समक्ष प्रतिवेदन पेश गर्नुपर्ने भएकोले तोकिएको समय सिमा भन्दा पछाडी पेश हुन आएमा भुत्तानीका फाइल कागजातहरु उपर कुनैपनी कारवाही नहुने र भुक्तानी नभएमा कार्यालय जवाफदेही हुने छैन।

साथै यस कार्यालय वाट कार्यक्रम वा योजना संचालन गर्ने क्रममा कुनै कर्मचारी,फर्म,संस्था,व्यक्ति वा कम्पनीले लिएको पेश्की प्रचलित आर्थिक ऐन,नियम वमोजीमको अवधी भित्र पेश्की फँछ्यौट गर्नु पर्ने छ। सो अवधी भित्र पेश्की फँछ्यौट नगरे ऐन नियम अनुसार व्याज सहित सरकारी बाँकी सरह असुल उपर गरी पेश्की पेश्की फछ्यौट गराइने व्यहोरा समेत सम्वन्धीत सवैमा जानकारीको लागी अनुरोध गरीन्छ।

शत्रुघ्न यादव
प्रमुख प्रशासकिय अधिकृत
शत्रुघ्न यादव
प्रमुख प्रशासकिय अधिकृत

उदय कुमार दरवरीया (यादव)
प्रमुख
उदय कुमार दरवरिया (यादव)
नगर प्रमुख



Scanned with CamScanner